# पथरीशनिश्चरेको बजेट ६० करोड वढी




मोरङको पथरीशनिश्चरे नगरपालिकाले आर्थिक वर्ष ०७५÷७६ का लागि ६० करोड २९ लाख २७ हजार रुपैयाँको अनुमानित वजेट प्रस्तुत गरेको छ।

नगर प्रमुख दिलीपकुमार राईको अध्यक्षतामा आइतवार भएको तेस्रो नगरसभामा नगर उपप्रमुख यमुना विष्ट वास्तोलाले नीति, कार्यक्रम सहितको सो वजेट प्रस्तुत गर्नुभएको हो । जसमा, नगरले आफ्नो हिसावले खर्च गर्न नपाउने ‘सशर्त’ शिर्षकमा १७ करोड ११ लाख र निशर्तमा वित्तिय समानिकरणतर्फ १५ करोड ८५ लाख गरी संघबाट ३२ करोड ९६ लाख रुपैयाँ अनुदान प्राप्त भएको छ। सशर्तका रुपमा १० करोड ७० लाख ४६ हजार रुपैयाँ सामाजिक सुरक्षा भत्ता छुट्टिएर आएको छ। प्रदेशबाट समानिकरण अनुदान ४२ लाख २३ हजार प्राप्त हुने उल्लेख छ।

सवारी साधन कर वाँडफाँडबाट १ करोड ३६ लाख ९२ हजार र आन्तरिक आय स्रोतबाट ४ करोड ६ लाख अनुमान गरिएको छ। सडक बोर्डबाट ४० लाख, एलजीसीडीपी कार्यक्रमको ७ लाख १७ हजार, गरिवसंग विश्वेश्वर कार्यक्रमको ४ लाख २९ हजार तथा जनसहभागिताबाट १ करोड ५ लाखको अनुमानित वजेट रहेको छ।

सशर्त वाहेकको सवैगरी ३० करोड ९१ लाख ३५ हजार मध्ये ९ करोड २१ लाख २० हजार चालु खर्चमा छुट्याई वाँकी २१ करोड ७० लाख १५ हजार रुपैयाँ विकासमा वाँडफाँड गरिएको वजेट विवरणमा उल्लेख छ। त्यसमध्येबाट १० वटा वडाका लागि ८५ लाखका दरले ८ करोड ५० लाख तथा वाँकी १३ करोड २० लाख १५ हजार पूँजीगत रकमबाट २२ वटा शिर्षकमा वजेट विनियोजन गरिएको कुरा सभामा पेश भएको छ।

आइतवारको सभामा विनियोजित वजेटमाथि छलफल गरी सुझाव समेत पेश भएको छ। वडागत वजेट सिलिङ तोकिएपनि रकम वाँडफाँडको सवै योजना वनिनसकेको र नगरस्तरका योजनाहरुको शिर्षक तय भएपनि त्यसभित्रको वजेट वाँडफाँड वाँकी रहेको छ। असार २३ गतेको सभाले दुवैतहको विस्तृत विवरण तयार गरी पारित गर्ने निर्णय भएको नगर प्रवक्ता यामप्रसाद गुरागाईंले जनाए।